# सिद्धार्थनगर नगरपालिका कार्यालय

# सिद्धार्थ श्रमजीवि पत्रकारिता पुरस्कार निर्देशिका–२०७२

**प्रस्तावना :**

नेपाल पत्रकार महासंघ रुपन्देही र सिद्धार्थनगर नगरपालिकाको संयुक्त पहलमा सिद्धार्थ श्रमजीवि पत्रकारिता पुरस्कार स्थापना भएको हो । पुरस्कार राशीको लागि सिद्धार्थनगर नगरपालिकाले अक्षयकोषको स्थापना गरेको छ। यही अक्षयकोषको व्याजबाट हरेक वर्ष उत्कृष्ट पत्रकारको छनौट हुदै आएको छ। आगामी दिनमा पुरस्कारलाई अझ व्यवस्थित बनाउन यो निर्देशिका तयार पारिएको हो ।

**उद्देश्य :**

- सिद्धार्थनगर र लुम्बिनी क्षेत्रको विकासका गतिविधिलाई सञ्चारमाध्यमबाट प्रचारप्रसार गर्ने ।
- रुपन्देही जिल्लाको पत्रकारिताको संस्थाागत र व्यवसायिक विकासमा सघाउ पु¥याउने ।
- नेपाल पत्रकार महासंघ रुपन्देही र सिद्धार्थनगर नगरपालिकाबीच संस्थागत सम्बन्धलाई सुदृढ पार्नो

**पुरस्कार रकमः**

- पुरस्कार रकमको व्यवस्था सिद्धार्थनगर नगरपालिकाले सञ्चालन गरेको श्रमजीवि पत्रकारिता पुरस्कार अक्षयकोषको व्याजबाट हुनेछ । सिद्धार्थनगर नगरपालिकाले ५० हजार रुपैंयाको अक्षयकोष स्थापना गर्नेछ। अक्षयकोष आवश्यकता अनुसार वृद्धि गर्दै जाने दायित्व सिद्धार्थनगर नगरपालिकासंग हुनेछ ।
- पुरस्कारको राशी हाललाई ५ हजार रुपैंयाको हुने छ । यो रकम अक्षय कोषको व्याजबाट उपलब्ध गराइने छ। पुरस्कार राशीलाई आवश्यक रकम अपुग भएमा सिद्धार्थनगर नगरपालिकाले व्यवस्थापन गर्ने छ । अक्षयकोष स्थापना नभएको अवस्थामा यस्तो रकम नगरपालिकाको आन्तरिक कोषबाट व्यवस्थापन गरिनेछ ।
- पुरस्कार राशी समय र परिस्थिति अनुसार वृद्धि गर्दै लगिनेछ ।
- उत्कृष्ट श्रमजीवि पत्रकार छनौटका लागि नेपाल पत्रकार महासंघको कार्यसमिति बैठकले तीन सदस्यीय मुल्याङकन समिति गठन गर्ने छ। सो समितिमा एक संयोजक र दुई सदस्य रहनेछन् ।
- मुल्याङकन समितिमा नेपाल पत्रकार महासंघ रुपन्देहीको पूर्व अध्यक्ष वा बर्तमान कार्यसमितिको पदाधिकारी मध्ये एकजनाबाट संयोजक चयन गरिने छ । दुई सदस्यमा अघिल्लो वर्ष उत्कृष्ट पत्रकारिता पुरस्कारबाट पुरस्कृत व्यक्ति वा कार्यसमिति मध्येबाट एकजना र सिद्धार्थनगर क्षेत्रको प्रतिष्ठित व्यक्ति एकजना रहने व्यवस्था गरिनेछ ।

**पत्रकार छनौटका आधार :**

- पुरस्कार छनौटमा पर्ने व्यक्ति नेपाल पत्रकार महासंघ रुपन्देहीको सदस्य हुनुपर्नेछ ।
- बिशेष गरी सिद्धार्थनगर क्षेत्रको रिर्पोटिङलाई प्राथमिकता दिई पत्रकारिता गरेको हुनुपर्नेछ ।
- पत्रकारितामा आवद्ध भएको कम्तिमा पाँच वर्ष पुगेको हुनुपर्नेछ ।
- खोजमुलुक रिपोर्ट र फिचरलाई प्राथमिकता दिइने छ ।

- छनौट प्रक्रियामा सहभागी हुनका लागि निवेदकले कम्तिमा उत्कृष्ट तीन वटा समाचार, फिचर र लेख रचना प्रकाशन तथा प्रशारण गरेको सामग्री पेश गर्नुपर्ने छ ।
- त्यस्तो सामग्री प्राप्त हुन नसकेको अवस्थामा मुल्याङकन समितिले विवेकपूर्ण ढंगले निर्णय गर्न सक्ने छ ।
- उत्कृष्ट पत्रकारको छनौट गर्दा पेशाप्रतिको निष्ठा, निरन्तरता, समपर्ण, इमान्दारिता, पत्रकारिताको मूल्य, मान्यताप्रतिको प्रतिवद्धता, महासंघ र प्रेस स्वतन्त्रताप्रतिको दृढता रहेको हुनुपर्नेछ ।
- कम्तिमा तीन प्रतिस्पर्धीको नाम मुल्याङकन समितिले माइन्युटमा राख्नुपर्ने छ ।

**पुरस्कार वितरण :**

- पुरस्कार वितरण समारोहको व्यवस्थापन सिद्धार्थनगर नगरपालिकाले गर्नेछ ।
- पुरस्कृत व्यक्तिलाई दिइने प्रमाणपत्रमा प्रमुख अतिथि, मुल्याङकन समितिको संयोजक, सिद्धार्थनगर नगरपालिकाको प्रमुख वा कार्यकारी अधिकृतको र नेपाल पत्रकार महासंघ रुपन्देहीको अध्यक्षको हस्ताक्षर रहनेछ ।
- पुरस्कार वितरण कार्यक्रम हरेक बर्ष नगरपरिषद् आयोजना गर्ने समय पारी संचालन गरिनेछ ।

उल्लेखित विषयमा हामी दुई पक्ष सहमत भई अघि बढ्न तयार छौं ।

| | |
|---|---|
| शेरबहादुर केसी | विष्णुदत्त गौतम |
| अध्यक्ष नेपाल पत्रकार महासंघ रुपन्देही | कार्यकारी अधिकृत |
| | सिद्धार्थनगरपालिका सिद्धार्थनगर |

मिति २०७२ पौष २३ ।